दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ३४० | बुटवल | २०८२ पौष ०५ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday December 20, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## निर्वाचन अध्यादेश जारी




बुटवल । राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचनसम्बन्धी अध्यादेश जारी गरेका छन् ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा १ बमोजिम सरकारको सिफारिस अनुसार शुक्रबार प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ जारी गरेका हुन् ।

सरकारले निर्वाचनसम्बन्धी अध्यादेश जारी गर्न बिहीबार राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो ।

बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त अध्यादेश जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो ।

## रूपन्देहीमा १७ वर्षीय युवाको हत्या



बुटवल । रुपन्देहीमा १७ वर्षीय युवाको शव फेला परेको छ ।

बुधबार साँझ ८ बजेदेखि सम्पर्कविहीन कञ्चन गाउँपालिका-३ धौलागिरी चोकका १७ वर्षीय इशान क्षेत्रीको शव घरदेखि डेढ सय मिटरमै रहेको नालीमा फेला परेपछि हत्याको आशंका गरिएको छ ।

तेक्वान्दो खेलाडीसमेत रहेका इशानको एक साताअघि एक युवतीको विषयलाई लिएर साथीहरूबिच विवाद भएको थियो । इशानको टाउको पछाडि पट्टी चोट देखिएको, तर शव रहेको ठाउँमा रगत नभएकाले अन्यत्र हत्या गरेर शव नालीमा ल्याएर फालिएको हुन सक्ने आशंका गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी डीएसपी सुरज कार्कीले शवको पोष्टमार्टमका लागि लुम्बिनी प्रादेशिक अस्पताल पठाइएको र रिपोर्ट आएपछि हत्या भए-नभएको यकिन हुने बताए ।

घटनाको अनुसन्धान भइरहेको र केही व्यक्तिसँग सोधपुछ भए पनि कसैलाई नियन्त्रणमा नलिइएको डीएसपी कार्कीले बताए ।

आफूले मन पराएको युवतीलाई अरुले हेरेको विषयमा विवाद भएको र युवाको समूह मिलेर आक्रमण गरेको हुनसक्ने स्थानीयको आशंका छ ।

## रास्वपाबाट लुम्बिनीका ४४ सहित ३५२ जना समानुपातिक संसद उम्मेदवार




सात प्रदेशबाट आएको प्रारम्भिक सूचीबाट पार्टीले पुस ६ देखि ११ गतेसम्म 'लिडरसिप एकेडेमी र पोलिटिकल प्रोक्सिमिटी' को मापन गरी ११० जनालाई उम्मेदवार बनाउने छ ।

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका समानुपातिक उम्मेदवारको प्रारम्भिक सूची सार्वजनिक गरेको छ । सात वटै प्रदेशबाट ३५२ जनाले उम्मेदवार बन्न आवेदन हालेका थिए । पार्टीले आन्तरिक लोकतन्त्रको अभ्यास भन्दै आवेदन मागेको थियो ।

समानुपातिक उम्मेदवार बन्न आवेदन दिएका ३५२ जनाको नाम पुस ३ गते सार्वजनिक भएको हो । जसमा सबैभन्दा धेरै बागमति प्रदेशबाट ९४ जना छन् भने कर्णालीबाट २० जना मात्र छन् ।

यस्तै कोशी प्रदेशबाट ६० जना, मधेशबाट ६१ जना, गण्डकीबाट ४३ जना, लुम्बिनीबाट ४४ जना र सुदूरपश्चिमबाट ३० जनाले आवेदन दिएका छन् ।

लुम्बिनीबाट प्रारम्भिक सूचिमा परेकाहरुमा पार्टी केन्द्रीय सदस्य क्रान्तिशिखा धिताल (दाङ), पार्टी प्रदेश प्रचार विभाग प्रमुख महेन्द्रप्रसाद उपाध्याय (रुपन्देही), रुपन्देही ३ मा तोकिएको प्रतिनिधि सभा सदस्य उपचुनावका ९ जना आकांक्षीमा परेका भैरहवाकी पुनमकुमारी अग्रवाल, ज्ञानु पौड्याल, पूर्व प्रदेश मन्त्री कल्पना पाण्डेलगायत रहेका छन् ।

सार्वजनिक गरिएको तालिका अनुसार पुस ४ गतेसम्म उम्मेदवार उपर दाबी विरोध गर्ने समय तोकिएको र प्राप्त दाबी विरोध उपर छानबिन गरी पुस ५ गते उम्मेदवारहरूसँग सातै प्रदेशमा छलफल तथा पुस ६ देखि ११ गतेसम्म 'लिडरसिप एकेडेमी र पोलिटिकल प्रोक्सिमिटी' को मापन र प्रारम्भिक चुनाव गरी पुस १४ गतेसम्म अन्तिम उम्मेदवार नामावली प्रकाशन गरिने पार्टीका उम्मेदवार छनोट समिति संयोजक एंव लुम्बिनी प्रदेश इञ्चार्ज विपिनकुमार आचार्यले जानकारी दिए ।

'रास्वपाले उम्मेदवार छनोटमा वैज्ञानिक विधि अपनाउन पुस ६ देखि ११ गतेसम्म 'लिडरसिप एकेडेमी र पोलिटिकल प्रोक्सिमिटी' को मापन गर्ने छ, यस अवधिमा मतदाताको घरदैलोमा पठाएर उम्मेदवारहरूको नेतृत्व क्षमता र राजनीतिक ज्ञानको परीक्षण गरिने छ,' आचार्यले भने-'उम्मेदवारहरुको क्षमता परीक्षणपश्चात् पुस १२ र १३ गते प्रारम्भिक निर्वाचन पनि हुनेछ यी सबै प्रकृयापछि पुस १४ गते ११० जनाको अन्तिम नामावली प्रकाशन गर्ने टाइमलाइन छ ।'

पार्टी सदस्यहरुबाट गरिने प्रारम्भिक मतदान कार्यक्रम पुस १२ र १३ गते दुवै दिन बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म सञ्चालन हुने आचार्यले जानकारी दिए ।

उम्मेदवार छनोटलाई पारदर्शी बनाउन टाइमलाइन र विभिन्न विधि बनाइएको आचार्यको दाबी छ । रास्वपाले पहिलोपटक रुपन्देही ३ को उपचुनावमा यो विधि अपनाएको थियो । यद्यपि उक्त विधिमा कतिपय उम्मेदवारले पारदर्शितामाथि प्रश्न उठाउँदै असन्तुष्टी जनाएका थिए ।

### रिहा भएपछि रविले भने :

# न्यायको लडाइ र अन्यायको हिसाब गर्न बाँकी छ

**रिहा भएलगत्तै लामिछाने पार्टी कामको जिम्मेवारीमा फर्किने भएका छन् ।**



**लुम्बिनी संवादाता**
*बुटवल*

रास्वपाका सभापति रवि लामिछाने न्यायको लडाइ बाँकी रहेको बताएका छन् । बुटवलको सुप्रिम सहकारी ठगी र संगठित अपराधको अभियोगमा ८ महिनादेखि थुनामा रहेका रवि भैरहवास्थित जिल्ला कारागारबाट छुटेपछि आफूमाथि भएको अन्याय देशमाथि भएको अन्यायको तुलनामा केही पनि नभएको बताए ।

आफू बोल्ने समय आउने भन्दै उनले हिसाबकिताब गर्न बाँकी रहेको बताए । 'न्यायको यो लडाइ मेरो बाँकी नै छ, मैले अझ धेरै लड्नु छ र मैले अहिले लड्नुपर्छ, लड्न बाँकी छ भनेको मेरा लागि भनेको होइन तपाईंका लागि यो देशको न्यायका लागि लड्नुपर्ने छ भनेको हो,' लामिछानेले भने-'यिनीहरूले यो देश माथि गरेको अन्यायको अगाडि म माथि गरेको अन्याय केही पनि होइन, त्यो सबको हिसाब गर्नुछ । त्यसको हिसाब मिलाएपछि अलि लामो बोलौंला, आजलाई म यति मात्र भन्छु कि हिसाब मिलाउन बाँकी नै छ, न्याय पाउन बाँकी नै छ ।'

उच्च अदालतका न्यायाधीश बासुदेव आचार्य र तेजनारायण पौडेलको संयुक्त इजलाशले बिहीबार लामिछानेलाई धरौटीमा छाड्न आदेश दिएको थियो ।

रिहा हुने कागज मिलाउन काठमाडौंबाट हवाईजहाजमा भैरहवा आउने तयारी भए पनि खराब मौसमका कारण लामिछाने चितवनसम्म जहाजमा आएर त्यहाँबाट सडकमार्गबाट शुक्रबार साँझ पौने ६ बजे भैरहवा कारागार आइपुगेका थिए ।

लामिछाने भैरहवा कारागार आइपुग्दा र छुटेपछि रास्वपाका नेता कार्यकर्ता र समर्थकहरुले उनको पक्षमा हुटिङ गर्दै खुशियाली मनाएका छन् ।

रूपन्देही जिल्ला अदालतका सूचना अधिकारी पदम अर्यालले उच्च अदालतको आदेशअनुसार केही सर्त र बैंक जमानतको कागज गरेर आधा घण्टा भित्रै लामिछानेलाई रिहा गरेको बताए ।

बिगो बापतको २ करोड७४ लाख ८४ हजार रुपैयाँ बुझाएपछि उनी रिहा भएका हुन् ।लामिछाने रुपन्देही अदालतमा कागजी प्रक्रिया पूरा गरेर चितवन फर्किएका छन् ।

रास्वपा सभापति रवि लामिछाने रिहा भएलगत्तै पार्टी कामको जिम्मेवारीमा फर्किने भएका छन् ।

कार्यवाहक सभापति डीपी अर्यालले विज्ञप्ति जारी गर्दै कानुनी र प्रशासनिक प्रक्रिया पूरा गरी सभापति तत्काल पार्टीको मूल जिम्मेवारीमा फर्किने जानकारी गराएका छन् ।

उच्च अदालत तुलसीपुरको बुटवल इजलासले सभापति लामिछानेलाई थुनामुक्त गर्न दिएको आदेशप्रति सम्मान व्यक्त गर्दै विज्ञप्तिमा भनिएको छ-'विधिको शासन, कानुनी सर्वोच्चता र न्यायिक प्रक्रियाप्रति रास्वपा सदैव प्रतिबद्ध रहेको छ ।'

सभापति लामिछानेमाथि लगाइएका झुटा मुद्दाहरू हाल यथावत् रहेको र यी मुद्दाहरू तत्कालीन निरंकुश सरकारले सुरु गरेको राजनीतिक प्रतिशोधको शृंखला भएको स्पष्ट भइसकेकोले अहिलेको नागरिक सरकारले आवश्यक कदम चाली यो प्रतिशोधको शृंखलालाई पूर्णविराम लगाउने छ भन्ने विश्वास पार्टीले लिएको उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ-'राजनीतिक प्रतिशोधविरुद्ध एकजुट भएर निरन्तर खबरदारी गर्नुहुने देश-विदेशमा रहनुभएका सम्पूर्ण न्यायप्रेमी नेपाली तथा विभिन्न अभियानमार्फत् न्यायका पक्षमा उभिएर सन्देश दिनुहुने पार्टी सदस्य एंव समर्थक-शुभेच्छुकहरुप्रति आभार व्यक्त गर्दछौं ।'

## एमाले अध्यक्षद्वारा मिडियामा नबोल्न निर्देशन



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी बैठकको अनुशासनबारे केन्द्रीय सदस्यहरुलाई बुझाउँदै पार्टीको प्रतिष्ठामा आँच आउने कुरा नगर्न निर्देशन दिएका छन् ।

नवनिर्वाचित एमाले केन्द्रीय कमिटीको पहिलो बैठकलाई सम्बोधन गर्दै ओलीले सार्वजनिक सञ्चारमाध्यममा पार्टीमाथि आँच पुग्ने कुरा नगर्न निर्देशन दिए । उनले अनुशासनमा बस्न र सामाजिक अनुशासन कायम गर्न पार्टीका नेतालाई निर्देशन दिए । एमाले लोकतान्त्रिक पार्टी भएकाले आफ्ना कुरा राख्न पाउने भए पनि ती कुरा नीति निर्णयभन्दा विपरीत सामूहिक हित र राष्ट्रिय स्वार्थबाहेक नबोल्न ओलीले निर्देशन दिए । उनले त्यसलाई स्वतन्त्रता नभनिने बताए ।

'केन्द्रीय कमिटी बैठकमा मोबाइल बज्न हुँदैन । कोही पनि बोल्न हुँदैन ।'-हलमा मोबाइल बजेपछि ओलीले निर्देशन दिँदै भने । ओलीले भने-'हाम्रा विरोधीले एमालेको एकता भाँड्न आलोचनात्मक चेत छैन भनेर उल्क्याउन सक्छन्, तर अब एमालेमा महाधिवेशनपछि कुनै प्यानल छैन हामी एकजुट छौं, महाधिवेशनको चुनावसँगै एमालेमा अब कुनै प्यानल छैन, हामी सबै एकताबद्ध छौं ।' विचार र अनुशासनमा बाँधिएको एकता र अनुशासनमा बस्न उनले पार्टी नेतालाई आग्रह गरे । 'एमालेमा केपी ओलीको अधिनायकवाद चल्छ, आलोचनात्मक चेत हराएका झोले बस्छन्, खै केपी ओलीकाविरुद्ध बोलेको भन्छन्,' ओलीले भने-'लिडरशीप प्रति अनास्था जगाउनका लागि पार्टी एकतामा खलल पुऱ्याउन उचाल्नेहरुका कुराहरुमा प्रभावित हुनुहुँदैन ।'



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
पाहुर
२०८२ पौष ०५ गते, शनिबार
तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

आकाश मात्रै नहेर
धरती पनि हेर्नुपर्छ
धरतीले मानिसलाई सारै माया गर्छ

– ईश्वरवल्लभ

('मानिसको पयर' कविताबाट)

**क्लासिक कथा**

# इभान इल्यीचको मृत्यु– ८

**लेभ तोल्सतोइ**

*(१९औं शताब्दीका महान् साहित्यकार लेभ तोल्सतोइको कथा र उपन्यासहरू अहिले पनि संसारभर उत्तिकै श्रद्धा र रुचिपूर्वक पढिन्छ । नेपालमा पनि तोल्सतोइ पाठकहरूमाझ अझै रुचिका लेखक हुन् तर नेपाली भाषामा उनका रचनाहरूको अप्राप्यताले गर्दा धेरै पाठकहरूलाई कठिनाई महसुस हुन्छ । लेभ तोल्सतोइका केही प्रसिद्ध रचनाहरू सोभियतकालमा नेपालीमा अनुवाद भएको थियो, तर ती बजारमा दुर्लभप्राय छन् । सन् १९८४ मा रादुगा प्रकाशनले 'लेभ तोल्सतोइः कथा-कहानी' शीर्षकमा छ वटा कथाको संकलन प्रकाशन गरेको थियो । ती सबै कथाका अनुवादक कृष्णप्रकाश श्रेष्ठ हुनुहुन्थ्यो । उक्त संग्रहमा 'दुई हुस्सार', 'पारिवारिक सुख', 'खोल्स्तोमेर', 'इभान इल्यीचको मृत्यु', 'क्रुजर सनेट' र 'नाच सकिएपछि' कथाहरू संकलित छन् । पाहुरका पाठकलाई क्लासिक रचनासँग परिचित गराउने उद्देश्यले उक्त संग्रहबाट यो कथा साभार गरिएको छ । कथा भनेतापनि लघु उपन्यासको आकारमा लेखिने रुसी कथाहरूको विशेषता हो । त्यसैले कथालाई भाग भागमा प्रकाशन गरिएको छ । यो कथाको अन्तिम भाग हो ।)*

९

निकै रात बितिसकेपछि इभान इल्यीचकी पत्नी फर्किन् । उनी चाल मार्दै कोठाभित्र पसिन् । परन्तु उनले पदचाप सुनिहाले । उनले आँखा खोले, तर तुरून्तै बन्द गरिहाले । गरोसिमलाई बाहिर पठाएर प्रस्कोभ्र्या फ्योदोरोभ्ना स्वयं नै आफ्ना पतिको साथमा बस्न चाहन्थित् । परन्तु उनले आँखो खोले र भने–

"हैन ! तिमी नै जाऊ !"

"के ज्यादै दुख्न थाल्यो ?"

"ज्यादा या कम, केही फरक पर्दैन !"

"अलिकति अफीम लिनोस् न !"

उनले स्वीकृति जनाए र ओखती खाउ । प्रस्कोभ्र्या फ्योदोरोभ्दा बाहिर निस्किन् ।

राति तीन बजेसम्म उनी अर्धचेतनावस्थामा सास्ती सहँदैरहे । उनलाई के लाग्न थालेको थियो भने एउटा साँगुरो कालो थैलोमा उनलाई कोचकाच पारेर हुल्ने प्रयास गरिँदैछ र त्यसमा निकै गहिराईसम्म उनलाई कोचेर घुसारिएको पनि छ, तर तल पींधसम्म भने कोच्न सकिएको छैन । यस्तो भयानक कामले उनलाई असाध्य पीडा पनि भइरहेको छ । उनलाई डर लागिरहेको थियो, तैपनि उनी थैलोभित्र घुसिहाल्न चाहन्थे । यसरी उनी आफूलाई रोक्ने र भित्र घुसार्ने दुवै काम एकैपल्ट गरिरहेका थिए । एकाएक थैलो पट्ट फुट्यो, उनी तल खसे र एकाएक झसङ्ग ब्युँझिए । त्यही गेरासिम बिछ्यौनाको पुछारमा गोडातर्फ बसिरहेको थियो र चूपचाप उँघिरहेको थियो । इभान इल्यीच आफ्ना सिकुटे गोडाहरू उसलाई काँधमा बोकाएर पल्टिरहेका थिए । उनले गोडामा जुराफ लगाइराखेका थिए । ढकनीमुन्तिर मैनबत्ती पनि पिलपिल गर्दै बलिरहेको थियो । इभान इल्यीचको पीडा पनि ज्यूँकान्यूँ नै थियो ।

"सुत्न जा, गरोसिम !" उनले खासखुस गर्दै बिस्तारै भने ।

"चिन्ता नगरिबक्सियोस्, हजूर ! म केही बेर अरु बस्छु !"

"पर्दैन, जा !"

उनले गोडा तल झारे, अनि टाउकोमुन्तिर आफ्नो हात घुसारेर कोल्टे परेर सुते । उनलाई आफूप्रति नै अपार दया जागेर आयो । गेरोसिम बगलको कोठामा नजाउन्जेल उनी पर्खेर बसे । उनले आफूलाई रोक्नै सकेनन् र एक शिशु झैं बरर आँसु झारेर रून थाले । आफ्नो असहायता, आफ्नो भयावह एक्लोपन, मान्छेहरूको निर्दयता र ईश्वरको क्रुरता देखेर मात्र होइन, ईश्वरको अस्तित्व नभएको सम्झेर समेत उनी रोएका थिए ।

"किन तैले यो सबु गरिस् ? किन तैंले मलाई यहाँ सताइस् ? मबाट यस्तो के पाप हुन गयो र तैंले यसरी सास्ती दिइरहेको छस् मलाई ?..."

उनले कुनै प्रत्युत्तरको आशा राखेका थिएनन् । यसको कुनै उत्तर छँदा पनि थिएन र हुनै पनि सक्दैनथ्यो । यसैउसले त उनी रोइरहेका पनि थिए । पीडा फेरि सुरु भयो, तर उनले न कत्ति हलचल गरे, न त कसैलाई डाँके नै ! उनले मनमनै मात्र यत्तिकै भनेः 'ठीक छ ! गोद्, लौ ! जोडले गोद् ! तर किन गोद्दै छन् ? कारण के हो ? तेरो के बिगार गरें मैले ?'

त्यसपछि उनी चूप लागे । उनले रून मात्र छोडिदिएको नभएर सास तान्न समेत रोकिदिए र बडो ध्यान दिएर सुन्न लागे । उनी यस्तो तन्मयका साथ सुनिरहेका थिए, मानौं उनी कुनै मान्छेको स्वर होइन, बरू अन्तःकरणको आवाज सुनिरहेका होउन्, आफ्नो मनभित्र खेलिरहेको विचारप्रवाहलाई सुनिरहेका होउन् !

'तँ के चाहन्छस् ?'– यो नै यस्तो पहिलो विचार थियो जुन एकदमै स्पष्ट रूपमा उनको मनमा शब्दबद्ध हुन पुगेको थियो । 'तँ के चाहन्छस् ? तँ के चाहन्छस् ?'– उनले दोहोर्‍याएर आफूसँग नै सोधे । 'के र ?...म दुःख भोग्न चाहन्न ! म जिउन चाहन्छु !'– उनले आफै उत्तर पनि दिए ।

फेरि बडो तन्मयका साथ उनले सुन्ने चेष्टा गरे । कहाँसम्म भने उनको शारीरिक पीडाले पनि उनको तल्लीता भंग गर्न सकेन ।

'जिउनु ? कसरी जिउन चाहन्छस् ?'– उनको अन्तर्मनको आवाजले सोध्यो ।

'त्यसरी नै जिउन चाहन्छु जसरी म पहिले जिउने गर्थे- एक शिष्ट र सुखी जीवन !'

'के तेरो जीवन पहिले वास्तवमा नै शिष्ट र सुखी थियो त ?'–त्यस आवाजले प्रश्न गर्‍यो । अनि मनमनै आफ्नो सुखी जीवनका उत्कृष्टतम घडीहरूको सम्झनामा उनी डुबे । परन्तु उनलाई कुन कुराले गर्दा अचम्म लाग्यो भने सुखी जीवनका ती सबै उत्कृष्टतम घडीहरू अब त्यस्तो लागिरहेका थिएनन् जस्तो पहिले लाग्नेगर्थे । हो, बाल्यावस्थाका सबभन्दा पहिला संस्मरण चाहिं अहिले पनि सुखद नै प्रतीत भइरहेका थिए । उनको बाल्यावस्थाका कतिपय क्षणहरू साँच्ची नै रमणीय थिए र ती क्षणहरू फेरि फर्काउन सकिंदा हुन् त जिउनुको पनि केही प्रयोजन हुनेथियो । परन्तु त्यो व्यक्ति नै अब यहाँ थिएन जसले त्यस सुखमय जीवनको रसास्वादन गरेको थियो । यो त अब कुनै अर्कै व्यक्तिको संस्मरण जस्तो पो उनलाई लागिरहेको थियो ।

फेरि ती घटनाहरूको सम्झना भएर आयो जसका नायक




थिए–आजका इभान इल्यीच । त्यतिखेर उनलाई ती सबै कुराहरू निरर्थक र घृणित लाग्न थाले जुन कुनै समयमा सुखकर प्रतीत हुनेगर्थे ।

जति जति उनी आफ्नो बाल्यावस्थाबाट टाढिँदै वर्तमानको नजीक पुग्दै जान्थे, त्यति त्यति नै उनलाई आफ्नो सुख पनि निरर्थक र सन्देहजनक लाग्न थालेको थियो । ल-कलेजबाट नै यसको आरम्भ भयो । कतिपय कुराहरू त त्यहाँ राम्रा पनि थिए–त्यहाँ ख्यालठट्टा हुन्थ्यो, मित्रता थियो, भविष्यप्रति आशा पनि थियो । परन्तु जति जति कक्षा चढ्दै गयो, त्यति त्यति नै यस्ता रमाइला क्षणहरू पनि विरत हुँदैगए । त्यपछि त नौकरी शुरु भइहाल्यो ।

आरम्भका दिनहरूमा जतिखेर उनी गर्भनरका सचिव थिए त्यस बेला पनि केही सुखद क्षणहरू देखा परेका थिए । ती अधिकांशतः प्रेमका क्षणहरू थिए । त्यसपछि चाहिं उनको जीवन अस्तव्यस्त हुँदैगयो र असल कुराहरू झन् कम हुँदैगए । हुँदा हुँदा असल कुराहरू झन् झन् घट्दै गए । जति जति उनी नोकरीमा तरक्की गर्दैजान्थे, त्यति त्यति नै असल कुराहरू घट्दैजान्थे ।

अनि उनलाई विवाहको सम्झना भयो । अचानकसँग उनको बिहे हुन पुगेको थियो । छिट्टै नै उनी निराश भइहाले । आफ्नी पत्नीको सास गन्हाएको उनलाई झल्यास्स सम्झना भएर आयो । 'त्यो कामुकता र नखरा ! त्यो जीरस जागीर र पैसाको चिन्ता ! एक वर्ष, दुई वर्ष, दस वर्ष, बीस वर्ष–जहिले पनि उस्ताको उस्तै ! जति जति वर्षहरू बित्दैगए, त्यत्ति नै बढी मात्रामा जीवन नीरस हुँदैगयो । मैले त के ठानेको थिएँ भने म पहाडमाथि उक्लँदैछु, तर म त ओरालो पो झरिरहेको रहेछु ! ठीक हो, यस्तै नै थियो। म माथि उठ्दै गइरहेछु भन्ने मान्छेहरूको मत थियो, परन्तु वास्तवमा चाहिं स्वयं जीवन नै मेरो पैतालामुनिबाट खस्किंदै गइरहेको थियो । ... अनि आज त म मृत्युको घाटमा समेत पुगिसकेको छु !'

'यो सब के हुँदैछ ? किन हुँदैछ ? विश्वास नै हुँदैन । मेरो जीवन यतिसम्म निरर्थक र घृणास्पद त हुनै सक्दैन । यदि यो जीवन घृणित र निरर्थक नै छ भन्ने स्वीकार गर्ने नै हो भने म किन मर्दैछु त ? त्यो पनि यति कठोर सास्ती भोगेर किन मेरो मृत्यु हुँदैछ ? जरूर पनि कतै कुनै गल्ती भएको होला !'

'सके मैले आफ्नो जीवन त्यस किसिमबाट व्यतीत गरिनँ जसरी व्यतीत गर्नुपर्ने थियो ?' एकाएक उनको मगजमा यस्तो विचार फुर्‍यो । 'तर यो कसरी हुन सक्छ, जब कि मैले सबै कुरा त्यसरी नै गर्ने गरेको थिएँ, जसरी गर्नु आवश्यक थियो ?'– उनले मनमनै सोचे । जीवन र मृत्यका सबै रहस्यहरूको यो एक मात्र समाधानलाई एकदमै असम्भव मान्दै उनले तुरून्तै यसलाई आफ्नो मनमानसबाट घोक्र्याइदिए ।

'के चाहन्छन् नि अब तँ ? जिउन ? कसरी जिउन चाहन्छस् ? मानिलेऊ, तिमी अदालतमा छौ र अदालतको परिचायकले फलाकेर भनिरहेको होस्ः न्यायाधीशको सवारी !...न्यायाधीशको सवारी भयो । न्यायाधीश आइपुगे ।' उनले मनमनै दोहोर्‍याए– 'ऊ, न्यायाधीश आइपुगिहाले ! तर अपराधी त म होइन !' रीसले चूर हुँदै उनी चिच्च्याए– "मैले के अपराध गरें र ?" उनले रून पनि छोडिदिए र भित्तातर्फ मुख फर्काएर बारम्बार उही एउटा कुरा सोच्न लागे– 'किन, के कारणले गर्दा मैले यो भयानक सास्ती खानुपरेको हो ?'

परन्तु जति विचार गरे ता पनि उनले कुनै उत्तर पाइरहेका थिएनन् । उनले त्यसरी जीवन व्यतित गरेनन् जसरी उनले व्यतीत गर्नुपर्ने थियो भन्ने विचार जतिखेर उनको मनमा उठ्ने गर्थ्यो (र यस्तो प्रायः उठ्ने पनि गर्थ्यो) । त्यसबखत तुरून्त नै उनी यस असंगत विचारलाई आफ्नो माथिगंलबाट निकालिदिनेगर्थे र आफूले एकदमै उचित तरीकाले आफ्नो जीवन व्यतीत गरेको पनि सम्झना गर्न पुग्थे ।

१०

दुई हप्ता अरू बितेर गए । इभान इल्यीच अब सोफामा नै गुडुल्किरहेका थिए । उनी बिछ्यौनामा पल्टिरहन चाहँदैनथे, त्यसैले सोफामा लेटिरहन्थे । उनी प्रायः जतिखेर पनि भित्तातिर नै मुख फर्काएर पल्टेको पल्टयै एक्लै छटपटाइरहन्थे । उनको यन्त्रणाको वर्णन गर्न सकिंदैनथ्यो । एक्लै पल्टिएर उनी यस्ता जटिल प्रश्नहरूको उत्तर पनि खोतल्ने गर्थेः 'यो के हो ? के यो साँच्चिकै मृत्यु नै हो त ?' अनि आन्तरिक आवाजले उत्तर दिन्थ्योः 'हो, यो साँच्ची नै मृत्यु हो ।' 'किन यस्तो सासना नि?' जवाफ हुन्थ्योः 'त्यसै ! बिना कुनै कारण !' बस्, यत्तिकैमा कुरा टुङ्गिहाल्थ्यो । यसभन्दा बढ्ता कुनै उत्तर पाइँदैनथ्यो ।

जहिलेदेखि उनी बिरामी परेका थिए र पहिलोपटक डाक्टरकहाँ पुगेका थिए, इभान इल्यीचको जीवन दुई परस्परविरोधी मनस्थितिमा विभाजित भएको थियो र त्यो पालैसान्ति आउनेगर्थ्यो । एउटा चाहिं घोर निराशाको मनस्थिति थियो र त्यसको प्रेरणाले गर्दा उनी आफ्ना शारीरिक क्रियाहरूको बडो ध्यानपूर्वक निरीक्षणा गर्दैरहन्थे । कुनै बेला उनको दृष्टिसामु एउटा मिर्गौला अथवा बोसेआन्द्रो मात्र हुन्थ्यो र त्यसले केही समयको लागि आफ्नो काम ठीक-ठीकसँग गरिरहेको छैन भन्ने उनी सोच्न पुग्थे भने कुनै बेला चाहिं मृत्युबाहेक अरू केही पनि देख्दैनथे र त्यो मृत्यु भयावह र अबोधगम्य हुनुको साथै त्यसबाट छुटकारा पाउने पनि कुन उपाय थिएन ।

रोग लागेको दिनदेखि नै यी दुवै मनस्थितिहरू आलोपालो गरेर आउने-जाने गर्दैथिए । परन्तु रोगले जति जति च्याप्दै लग्यो मिर्गौला र बोसे आन्द्राको बारेमा अनुमान पनि त्यत्ति नै बढी मात्रामा काल्पनिक र असम्भव हुँदै गयो र आसन्न मृत्युको चेतना अधिकाधिक स्पष्ट हुन थाल्यो ।

उनको अवस्था तीन महिना अघिसम्म कस्तो थियो र कहिले कस्तो छ, कसरी त्यो क्रमशः तल्तिर खस्किंदो छ भन्ने सम्झना मात्रै गर्ने बित्तिकै आशाको सम्भावना मात्र पनि टुटेर जान्थ्यो ।

आफ्नो जीवनको अन्तिम दिनहरूमा यस्तो एक्लोपनमा उनी हरघडी भित्तातर्फ मुख फर्काएर पल्टिरहन्थे र सिर्फ आफ्नो अतीतको बारेमा सोच्ने गर्थे । यस्तो घना जनसङ्ख्या भएको शहरमा, जहाँ यत्तिका इष्टमित्र र नाताकुटुम्बहरू बस्ने गर्थे, उनी एकदमै एक्ला थिए । धरतीतलमा त के, समुद्रको पींधमा पुगिएको भए तापनि उनी यति एक्लो हुने थिएनन् । उनको सामुन्ने विगतका चित्रहरू एक-एक गरेर प्रकट हुन्थे । त्यसको आरम्भ त जहिले पनि वर्तमानकै कुनै घटनाबाट हुन्थ्यो, तर त्यसले सुदूर अतीततर्फ डोर्‍याएर लैजान्थ्यो र उनको बाल्यावस्थामा पुर्‍याएर त्यहाँ निकै बेरसम्म रूमल्लाएर राख्थ्यो । अहिले उनलाई उसिनेको आलुबोखडा खान दिइयो भने उनलाई अवश्य पनि बाल्यकालमा खाने गरिएको सुकाइएको आलुबोखडाको सम्झना भएर आइहाल्थ्यो, त्यसको विशेष स्वाद र त्यसको बियाँ चुस्दा मुखमा भरिएर आउने रालको समेत सम्झना हुन्थ्यो । त्यस स्वादको सम्झना हुनेबित्तिकै त्यस बेलाका विभिन्न संस्मरणहरूको ताँती नै लाग्थ्योः बुबुधाई, भाइ, खेलौना इत्यादि । 'यस विषयमा सोच्नु ठीक हुँदैन । ...यसबाट मन कुढिन्छ ।'– इभान इल्यीच मनमनै भन्दथे र आफ्नो विचारप्रवाहलाई वर्तमानतर्फ नै तानेर ल्याउँथे । उनी सोफाका पीठमा जडिएको टाँक र त्यस सोफामा मडिएको मुलायम छालामा परेको चाउरीको बारेको सोच्न थाल्थे । 'यो छाला खूबै महँगो छ, तर टिकाउ भने छैन । यो किन्ने बेला पत्नीसँग मेरो ठाकठुक समेत परेको थियो । हामीले बुवाको जुन ब्याग च्यातिदिएका थियौं त्यसको छाला चाहिं अर्कै खालको थियो । त्यतिखेर पनि कलह खडा भएको थियो, तर त्यो बखेडा अर्कै किसिमको थियो । हामीलाई दण्ड दिइएको थियो, तर आमाले हाम्रो लागि केक ल्याउनुभएको थियो ।' फेरि इभान इल्यीचको विचार बाल्यावस्थामा नै पुग्थ्यो र फेरि उनको मन दुःखी हुन्थ्यो । अरू कुनै कुरामा ध्यान केन्द्रित गरेर उनी त्यस विचारलाई अर्कैतिर मोड्ने प्रयास गर्थे ।

किन्तु त्यतिखेर नै यी संस्मरणहरूको साथसाथै केही अन्य संस्मरणहरूको पनि उनको मनमा उर्लेर आउँथे– कसरी उनको रोग बढ्दैगयो र त्यो चर्किंदैगयो भन्ने सम्झना हुन्थ्यो । उनी आफ्नो अतीतमा जति टाढासम्म पुग्थे त्यत्ति नै बढ्ता जीवनको ओज पनि अनुभव गर्न थाल्थे । जीवनमा त्यतिखेर असल कुराहरू पनि प्रशस्त थिए र स्वयं जीवन पनि प्रशस्त बाँकी थियो । 'जसरी मेरो यन्त्रणा बढ्दै जाँदो छ त्यसरी नै मेरो सम्पूर्ण जीवन पनि झन् झन् बेकम्मा हुँदैगइरहेको छ ।'– उनी सोच्नेगर्थे । एउटै मात्र जुन उज्ज्जल बिन्दु थियो त्यो त्यहाँ अतीतमा जीवनको आरम्भमा नै थियो । त्यसपछि त जीवनमा कालिमा छाउँदैगयो र त्यो कालिमा झन् झन् गहिरो हुँदैगयो । 'मृत्यु जति नजिक आउँदैछ त्यसैको अनुपातमा त्यो उज्ज्वल बिन्दु टाढिदैछ !'– इभान इल्यीच विचार गर्दैथिए । अनि उनको अन्तर्मनमा एउटा ढुंगाको चित्र कोरियो जुन निरन्तर बढ्दो वेगले तल खस्दैथियो । जीवन पनि त निरन्तर बढ्दैजाने दुःखहरूको एउटा शृंखला न हो जुन तीव्रतर गतिले आफ्नो गन्तव्यतर्फ हुर्रिंदैगइरहेको हुन्छ । अनि त्यो गन्तव्य हो–घनघोर यन्त्रणा । 'म हुर्रिदै छु !...'– उनी झसङ्ग भए । उनले त्यसको प्रतिरोध गर्ने प्रयास गर्दै हातगोडा हल्लाए । परन्तु प्रतिरोध गर्नु नै व्यर्थ छ भन्ने अब उनलाई थाहा भइसकेको थियो । यस किसिमका विचारहरूबाट निकै थाकेर उनी फेरि सोफाकै पीठमा टुलुटुलु एकटक लगाएर हेर्न लागे । उनी आफ्नो सामु देखा परिरहेका ती कुराहरूलाई पन्छ्याउन सक्दैनथे जुन विकराल रूप धारण गरेर उनको आँखाअगाडि नै ठिंग उभिइरहेका थिए । उनी प्रतीक्षा गर्न थाले–कहिले उनी हुर्रिएर खस्नेछन्, कहिले उनलाई आखिरी धक्का लाग्नेछ र कहिले उनी चकनाचूर हुनेछन् ! 'प्रतिरोध गर्नु असम्भव छ !'–उनले मनमनै भने ।– 'तर यसको कारणसम्म त थाहा पाउन सक्नुपर्ने हो ? परन्तु यो पनि असम्भव छ ! जसरी जीवन व्यतीत गर्नुपर्ने थियो त्यसरी मैले जीवन व्यतीत गरिनँ भनेर भनिंदो हो त यो कुरा बुझ्न पनि सकिनेथियो । किन्तु यो कुरा पनि मान्नु असम्भव नै छ ।'– उनले मनमनै भने र उनलाई आफ्नो जीवनको कर्तव्यपराणयणता, शिष्टता एवं औचित्यको सम्झना भएर आयो । 'म यस्तो कुरा मान्नै सक्तिनँ ।'– ओंठमा मुस्कान भर्दै उनले मनमनै भने, मानौं उनको मुस्कुराहट देखेर कोही धोकामा परिहालोस् ।–'यसको कुनै व्याख्या छैन ! यन्त्रणा, मृत्यु...किन ?'

११

एवं रीतले दुई हप्ता अरु बिते । त्यसै बीच यस्तो घटना घट्यो जुन इभान इल्यीच र उनकी पत्नीले प्रतीक्षा गरिरहेका थिएः पेत्रीश्चेभले बिहेको प्रस्ताव राख्यो । एकदिन साँझपख यो घटना घट्यो । भोलिपल्टै बिहान प्रस्कोभ्र्या फ्योदोरोभ्ना आफ्ना पतिको कोठामा पसिन् । फ्योदोर पेत्रोभिचको प्रस्ताव कुन प्रकारले पतिको सामुन्ने पेश गर्ने भनेर उनी मनमनै गुन्दैथिइन् । त्यसै रात इभान इल्यीचको हालत अझ बढी चिन्ताजनक हुन गएको थियो । प्रस्कोभ्र्या फ्योदोरोभ्ना कोठामा पुग्दा उनी त्यसै सोफामा नै पल्टिरहेका थिए, तर पल्टाइको ढंग चाहिं अर्कै थियो । उनी उत्तानो परेर पत्टेको पल्ट्यै दाँत किटेर कन्न लागिरहेका थिए र एकटक लगाएर ट्वाल्ल पर्दै आफ्नो अगिल्तिर ताकिरहेका थिए ।

प्रस्कोभ्र्या फ्योदोरोभ्नाले ओखतीको कुरा झिकिन् । उनले आफ्नो नजर पत्नीतर्फ फिराएर हेरे । उनको नजरमा आफूप्रति उनले यति गहिरो घृणा र क्रोध अनुभव गरिन् कि आफ्नो वाक्य पूरा गर्न नपाउँदै उनी चूप लागिहालिन् ।

"भगवान्को नाममा मलाई शान्तिपूर्वक मर्न देऊ !"– उनले भने ।

प्रस्कोभ्र्या फ्योदोरोभ्ना बाहिर निस्कनै आँटिसकेकी थिइन्, तर ठीक त्यसै बेला छोरी भित्र पसी र अभिभावनको निम्ति बाबुको अगिल्तिर पुगी । उनले छोरीतर्फ पनि त्यसतै दृष्टिले हेरे जसरी पत्नीलाई हेरेका थिए । अनि छोरीले उनको स्वास्थ्यको बारेमा प्रश्न गर्दा छिटै नै तिमीहरूलाई मबाट छुट्कारा मिल्नेछ भनेर बडो रूखो स्वरमा जवाफ दिए । दुवै जना चूप लागिहाले र केही बेर त्यहाँ बसेपछि उठेर बाहिरतिर हिंडिहाले ।

"यसमा हाम्रो के दोष र ?"–लीजाले आफ्नी आमासँग सोधी । "दोष हाम्रो नै भए जस्तो पो कुरा गरिसिन्छ बुवा त ! मलाई बुवाको हालत देखेर दया लाग्छ, तर उहाँ किन हाम्रो चित्त यसरी दुखाइसिन्छ ?"

सधैं जस्तो डाक्टर ठीक समयमा आइपुग्यो । इभान इल्यीचले क्रुद्ध नजरले घुरेर हेर्दै "अँ" र "अहँ" मा जवाफ दिए ।

"अब केही उपाय लाग्दैन भन्ने तपाईंलाई थाहै छ । त्यसैले मलाई छाडिदिनोस् !" अन्त्यमा उनले भने ।

"हामी तपाईंको सकस त कम गरिदिन सक्छौ !"

"अहँ, तपाई त्यो पनि सक्नुहुन्न ! मलाई छोडिदिनोस् !"

डाक्टर बैठककोठामा पुग्यो र प्रस्कोभ्र्या फ्योदोरोभ्नालाई इभान इल्यीचको अवस्था ज्यादै नाजूक छ भनेर खबर गर्‍यो । उनी अहिले असह्य पीडाको अनुभव गर्दैछन् र उनको पीडा केही कम गर्ने एक मात्र साधन अफीमको सुई दिनु मात्रै हो भनेर पनि उसले बतायो ।

डाक्टरले जे भनेको थियो सो ठीकै थियो । इभान इल्यीच त्यतिखेर घोर शारीरिक यन्त्रणा भोगिरहेका थिए । परन्तु उनी जे जस्तो नैतिक यातना भोगिरहेका थिए सो यस शारीरिक यन्त्रणाभन्दा कता हो कता बढी कष्टकर थियो । वास्तवमा उनको दुःखको मुख्य कारण पनि यही नै थियो ।

त्यस रात गेरासिमको अनिंदो, दयालु र चौडा अनुहारमा नजर पर्दा इभान इल्यीचको मस्तिष्कमा अचानक यस्तो विचार फुरेको थियोः 'के थाहा र ? मेरो सम्पूर्ण जीवन, मेरो चेतनशील जीवन सके त्यस किसिमले व्यतीत नभएको होस् जसरी हुनुपर्थ्यो ?' यस विचारद्वारा नै उनको नैतिक यातना शुरु भएको थियो ।

» क्रमश...

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.नं.१३/०६३/०६४



**तरकारीको व्यापारः**

दाङको घोराही उप-महानगरपालिका-१७ स्थित क्वाडी गाउँबाट घोराही बजारमा तरकारी बिक्री गर्न आएका थारू महिला। तस्विर : कुलदीप न्यौपाने/ रासस

# गुल्मी अस्पताललाई हृदयरोग निवारण प्रतिष्ठानको सहयोग

गुल्मी । नेपाल हृदयरोग निवारण प्रतिष्ठानले गुल्मी अस्पताललाई बाथ मुटुरोगबाट पीडित बिरामीको उपचारमा प्रयोग हुने बेन्जाथेन पेन्सिलिन इन्जेक्सन हस्तान्तरण गरेको छ । पछिल्लो समयमा जिल्लामा बाथ मुटु रोगका बिरामी बढ्दै जान थालेपछि उक्त समस्यालाई मध्यनजर गर्दै प्रतिष्ठानमार्फत् उक्त इन्जेक्सन हस्तान्तरण गरिएको हो । हस्तान्तरण गरिएको उक्त इन्जेक्सन अस्पतालमार्फत् निःशुल्क रूपमा बिरामीलाई वितरण गरिने जनाइएको छ।

सदरमुकाम तम्घासमा शुक्रबार एक कार्यक्रमकाबीच प्रतिष्ठानका केन्द्रीय सदस्य अखिलेश्वरप्रसाद पाण्डेले प्रतिष्ठानको तर्फबाट गुल्मी अस्पताल विकास समितिका अध्यक्ष गोपाल पाण्डे इन्जेक्सन सामग्री हस्तान्तरण गरेका थिए । अस्पताल विकास समितिका अध्यक्ष गोपाल पाण्डेले मुटुरोग निवारणका क्षेत्रमा प्रतिष्ठानले गरेको सहयोगले जिल्लाका विपन्न तथा जोखिममा रहेका बिरामीलाई प्रत्यक्ष लाभ पुग्ने विश्वास व्यक्त गरे।

नेपाल हृदयरोग निवारण प्रतिष्ठानका सभापति ताराप्रसाद भुसालले बाथ मुटुरोग न्यूनीकरणका लागि प्रतिष्ठान सक्रिय रूपमा लागिरहेको उल्लेख गर्दै आवश्यक परेको अवस्थामा अस्पताललाई थप सहयोग उपलब्ध गराइने प्रतिबद्धता समेत जनाए। उनले बाथ मुटुरोग समयमै उपचार नगरेमा जटिल बन्न सक्ने भन्दै यसका लागि नियमित इन्जेक्सन र स्वास्थ्य परीक्षण आवश्यक हुने बताए।

नेपाल हृदयरोग निवारण प्रतिष्ठानले यसअघि पनि विद्यालयस्तरमा विद्यार्थीहरूको मुटु जाँचका गर्नुका अतिरिक्त बाथ मुटुरोगसम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्दै आएको छ। प्रतिष्ठानले उपलब्ध गराएको उक्त सामग्रीले जिल्लामा मुटुरोगको पहिचान, उपचार तथा रोकथाममा उल्लेखनीय टेवा पुग्ने अस्पतालले जनाएको छ।

# चिसो बढेसँगै निःशुल्क दाउरा



परासी । चिसो बढ्दै गएपछि पश्चिम नवलपरासीको सदरमुकाम परासीमा रामग्राम नगरपालिकाले निःशुल्क दाउरा वितरण कार्य सुरु गरेको छ। नगरवासीलाई चिसोबाट जोगाउन सार्वजनिक स्थानमा धुनी बाल्नका लागि दाउरा वितरण कार्य सुरु गरेको हो।

चिसो बढेसँगै नगरपालिकाले नगरस्तरीय विपद् व्यवस्थापन समितिको तत्कालै बैठक बसी नगरवासीलाई चिसोबाट जोगाउनको लागि सार्वजनिक स्थानमा दाउरा वितरण कार्य सुरु गरिएको नगरप्रमुख एवम् विपद् व्यवस्थापन समितिका संयोजक धनपत यादवले जानकारी दिए।

नगरपालिकाले खरिद गरेर मानिस बढी भिडभाड हुने स्थान र चोक-चोकमा दाउरा वितरण गरिएको यादवले बताए। नगररपालिकाले बुद्धचोक, अस्पताल प्रशासनलागायतको स्थानमा दाउरा वितरण गरिएको यादवले जनाए।

चिसोको समयमा गरिब विपन्न बस्तीमा हुन सक्ने समस्यालाई मध्यनजर गर्दै १८ ओटा वडामै विभिन्न स्थानमा दाउरा र आवश्यक सामग्री वितरण गर्ने नगरपालिकाले जनाएको छ। दुई दिनदेखि यस क्षेत्रमा चिसो बढेको छ, बाक्लो हुस्सुका कारण जनजीवन प्रभावित भएको छ। नगरपालिकाले तत्काल ९ चट्ठा दाउरा खरिद गरी वितरण कार्य सुरु गरिएको विपद् व्यवस्थापन समितिकी सदस्य सचिव सुमित्रा चौधरीले जानकारी दिइन्।

उनकोअनुसार अपुग भएमा आवश्यकताअनुसार कार्यालयको निर्णय बमोजिक खदिर गरिने छ। त्यस्तै शीतलहरबाट प्रभावित पूण अपाङ्ग रातो कार्ड प्राप्त गर्ने नागरिकहरुलाई न्यानो कपडा वितरण गर्ने र अबिरल वर्षा, आगलागीबाट प्रभावित भएकालाई नगद राहत प्रदान गरिने चौधरीले जानकारी दिइन्।

चिसो बढ्दै गएपछि गरिब विपन्न परिवार समस्यामा रहेका छन्। चिसोको कारण जिल्लाको जनजीवन प्रभावित भएको छ। तापक्रम घट्दै गएका कारण मानिसहरुको चहलपहल पनि विस्तारै कम हुँदै गएको छ भने अस्पतालहरुमा चिसोको कारण श्वासप्रश्वाससँग सम्बन्धित बिरामीको चाप विस्तारै बढ्दै गएको छ।

# इभान......

उनको माथिङ्गलमा कुन विचारले घोच्न थाल्यो भने उनको जीवन जसरी बित्नुपर्ने थियो त्यसरी बितेको छैन भन्ने जुन कुरा पहिले एकदमै असम्भव प्रतीत हुन्थ्यो सो सही हुन सक्थ्यो। उनको मनमा यो विचार बारम्बार आउन लाग्योः 'माथिल्लो तहका मान्छेहरूको रूचि र धारणाहरूको विपरीत जुन भावनाहरू मेरो मनमा उब्जन्थे र जसलाई म तत्कालै दबाइदिन्थे सके ती अलि अलि मात्रै प्रकट हुन खोज्ने भावनाहरू नै सत्य हुँदा हुन् र बाँकी अरू सब सत्यबाट कोसौं टाढा रहेका हुँदा हुन्! मेरो नौकरी, मेरो रहन-सहन, मेरो जहान-परिवार, मेरा सामाजिक तथा व्यावसायिक अभिरूचिहरू– यी सबैको त्यस सत्यसँग कत्ति पनि सम्बन्ध नहुन सक्छ।' उनले यी सबै कुराहरूको पक्ष-समर्थन गर्ने प्रयत्न गरे, परन्तु एकाएक उनलाई ती सबै कुराहरूको निरर्थशकताको बोध भयो जसको उनी पक्ष-समर्थन गरिरहेका थिए। पक्ष-समर्थन गर्नुपर्ने कुरै पो के थियो र?

उनले मनमनै विचार गरेः 'यदि कुरा यस्तै हो र जे कुरा मैले पाएको थिएँ त्यो सब मैले गुमाइसकें अनि अब गर्न पनि त केही सकिंदैन भन्ने ज्ञान समेत प्राप्त गरेर जीवनबाट बिदा लिंदैछु भने अगाडि के होला' उनी उत्तानो परेर पल्टिएर र एकदमै अर्कै दृष्टिकोणबाट आफ्नो जीवनको विश्लेषण गर्न लागे। बिहान उनले सर्वप्रथम नोकरलाई देखे, त्यसपछि आफ्नी पत्नी, अनि आफ्नी छोरी र अन्त्यमा डाक्टरलाई देखे। त्यस बेला उनीहरूको प्रत्येक शब्द र प्रत्येक हावभावबाट त्यसै सत्यको समर्थन भइरहेको थियो। तिनमा उनले आफूलाई देखे र उनको सामु ती सबै तत्वहरू प्रकट भए जसबाट नै उनको जीवन बनेको थियो। यो सब वास्तविक सत्यबाट ज्यादै टाढाको कुरा हुनुको साथै ज्यादै ठूलो र भयंकर धोका थियो र यसले उनबाट जीवन र मृत्युको सत्य समेत लुकाइराखेको छ भन्ने पनि उनलाई छर्लङ्ग भइरेहेको थियो। यस सत्यबोधले उनको शारीरिक यन्त्रणा अझ बढ्न गयो, दसौं गुना बढ्यो। उनी कन्दै थिए, छट्पटाउँदै थिए र आफूले लगाइराखेको लुगा च्यात्दै थिए। आङका लुगाले उनलाई कसिराखेको छ र उनको घाँटी अठ्याइराखेको छ भन्ने उनलाई भान परिरहेको थियो। यसैउसले लुगाप्रति नै उनलाई घृणा भएको थियो।

उनलाई अफीमको ठूलो मात्रा दिइयो। उनी अचेत भइहाले, परन्तु दिउँसोको खाना खाने बेलामा फेरि यही क्रिया शुरू भयो। उनले सबका सबलाई कोठाबाट बाहिर धपाइदिए र बिछ्यौनामा छट्पटिन लागे।

उनकी पत्नीले भित्र आएर भनिन्ः

"प्यारा जिन! एउटा काम गर्दिनुस् मेरो लागि! (मेरो लागि?) यसबाट तपाईंलाई कुनै हानि हुनेछैन। अक्सर यसबाट लाभ नै हुनेगर्छ। तपाईंले कुनै कष्ट गर्नुपर्दैन। धेरैपल्ट स्वस्थ मान्छेहरू पनि त..."

आँखा फारेर उनले पत्नीतर्फ हेरे।

"के? धार्मिक अनुष्ठान गराऊँ? किन? चाहिएको छैन! खैर..."

प्रस्कोभ्या फ्योदोरोभ्ना रून लागिन्।

"नगराउने र, प्रिय? म हाम्रा पादरीलाई बोलाउन पठाउँछु। उनी ज्यादै असल छन्।"

"हुन्छ! ठीक छ!"–उनले भने।

पादरी आइपुग्यो र धार्मिक अनुष्ठान सम्पन्न गर्न थालियो। उसको सामुन्ने आफ्ना पापकर्महरू स्वीकार गर्न लाग्दा इभान इल्यीचको मन द्रवित भयो र उनका शंकाहरू पनि समाधान हुँदैगए जस्तो उनलाई लाग्न थाल्यो। यसले गर्दा उनको पीडा पनि केही शान्त भयो र एक छिनको लागि उनमा आशा पनि फेरि सञ्चार भयो। उनी फेरि आफ्नो बोसेआन्द्राको विषयमा सोच्न लागे। सके त्यसको उपचार पनि भइहालोस्! धार्मिक अनुष्ठान सम्पन्न गरिंदा उनका आँखामा आँसु भरिएको थियो।

धार्मिक अनुष्ठान सकिए पछि उनलाई बिछ्यौनामा सुताइदिए। केही क्षणको लागि उनले आफूलाई पहिलेभन्दा चङ्गा अनुभव गरे। फेरि जीवनको आशा उनको मनमा भरिएर आयो। उनलाई त्यस अपरेशनको बारेमा सम्झना भएर आयो जुन एकपल्ट उनलाई डाक्टरले सल्लाह दिएको थियो। 'म मर्न चाहन्न! म बाँचिरहन चाहन्छु!'– उनले मनमनै भने। उनकी पत्नी बधाई ज्ञापन गर्न भित्र आइन्। उनले त्यही कुरा भनिन् जुन यस्तो अवसरमा सामान्यतः भन्ने गरिन्छः "तपाईलाई पहिलेभन्दा बिसेक छ, है त?"

"हो!"–उनले पत्नीतर्फ हेर्दा पनि नहेरेर उत्तर दिए।

उनको वेषभुषा, उनको जिउ, उनको अनुहारको भाव, उनको स्वर–सबैबाट एउटै कुरा झल्किरहेको थियाः 'यो सब सत्य होइन। जुन कुरा अहिलेसम्म मेरो जीवनको अभिन्न अंग रहिआएको थियो वा छ त्यो सब झूठो हो, धोका हो र त्यसले मबाट जीवन र मरणको सत्यलाई लुकाएर राखेको छ।' यो विचार मनमा उब्जनेबित्तिकै उनको मन घृणाले भरिएर आयो र घृणाको साथसाथै शारीरिक पीडाले पनि जोड पक्रदैलग्यो र पीडा बढ्दै गए अनुसार उनलाई आफ्नो अनिवार्य र आसन्न मृत्युको पनि बोध भयो। उनको शरीरले नयाँ नयाँ कुराहरूको अनुभव गर्न थाल्यो। उनको भित्र कुन्नि के हो बेह्रिन र चुँडिन लाग्यो र उनको सास अवरूद्ध हुन थाल्यो।

जतिखेर उनले मुखबाट "हो" भन्ने शब्द उच्चारण गरे त्यस बेला उनको अनुहारको भाव बिघ्नै डरलाग्दो थियो। पत्नको आँखामा आँखा गाड्दै हेरेर उनले "हो" भनेका थिए र त्यसपछि उनी फनक्क फर्केर घोप्टो परेर पल्टिएका थिए। जस्तो झट्का दिएर उनी बुर्लुक्क पल्टिएका थिए त्यसलाई देख्दा यस्तो कमजोर मान्छेमा यति तागत कहाँबाट आउँदोहोला भनेर जो पनि छक्क पर्न सक्थ्यो। घोप्दो पर्दै उनले कराउँदै भनेः "जाऊ! गइहाल! मलाई एक्लै रहन देऊ!"

१२

त्यसपछि तीन दिनसम्म अटूट रूपले इभान इल्यीच 'ऐया! ऐया!' भन्दै कराइरहे। उनको क्रन्दर कतिसम्म भयंकर दियो भने त्यो दुई कोठा परबाट समेत सुनिन्थ्यो र त्यसले आङ नै सिरिङ्ग गरिदिन्थ्यो। जतिखेर उनले आफ्नी पत्नीको प्रश्नको जवाफ दिएका थिए, त्यसै बेला नै उनलाई के पनि बोध भइसकेको थियो भने सब खेल खत्तम भइसकेको छ, कुनै आशा बाँकी रहन गएको छैन, अन्तिम घडी आइसकेको छ र उनका सबै शंकाहरू सिर्फ शंका नै बनिरहनेछन् र तिनको समाधान कहिल्यै पनि हुन पाउनेछैन।

"ऊँ! ऊँ! ऊँ!"– उनी बेग्लाबेग्लै स्वरमा कराउँदै थिए। शुरूमा उनी जोडले कराएका थिएः "म...चा...ह..न्नँ!" त्यसपछि त "ऊँ! ऊँ!" क्रन्दन मात्र सुन्न सकिन्थ्यो।

तीन दिनको त्यस अवधिभर उनले यस्तो अनुभव गरे, मानौं समयको गति नै रोकिएको छ र उनी त्यस कालो धोक्रो विरुद्ध संघर्ष गरिरहेका छन् जसमा कुनै अदृश्य र अदम्य शक्तिले उनलाई कोचेर हाल्न खोजिरहेको छ। उनी त्यो मान्छे झैं छटपटाइरहेका थिए जसले प्राणदण्डको सजाय पाएको छ र जो आफ्नो बचाउको कुनै उपाय छैन भन्ने पनि थाहा पाएर हत्याराको हातमा तडपिरहेको हुन्छ। यस्तो अथक संघर्ष गर्दागर्दै पनि प्रतिक्षण उनी त्यस भयावह वस्तुको झन् झन् नजीक पुग्दै गइरहेको समेत उनलाई बोध थियो। उनलाई के अनुभव भइरहेको थियो भने त्यस कालो धोक्रोमा जबरजस्ती कोचेर हालिनु नै उनको यस यन्त्रणाको कारण हो भने त्यसभित्र पस्ने शक्ति आफूमा नहुनु चाहिं अझ बढ्ता सकसको कारण हो। आफूले उचित रूपमा आफ्नो जीवन व्यतीत गरेको छु भन्ने विश्वासले उनलाई त्यसभित्र पस्न रोक्नेगर्थ्यो। आफ्नो जीवनको यस किसिमबाट सफाई दिने प्रयास नै उनको प्रगतिमा बाधक बनिरहेको थियो। यसैउसले गर्दा उनको यन्त्रणा झन् बढ्न गएको थियो।

अकस्मात् कुनै शक्तिले उनको छाती र कोखामा एक घुस्सा दियो। यसले गर्दा उनको सास नै अवरुद्ध भयो र उनी सोझै त्यस धोक्रोको प्वालभित्र घुस्न पुगे। प्वालको पुछारमा उनले टिलपिल गरिरहेको कुनै हालत ज्योति देखे। त्यस बेला उनलाई त्यस्तै अनुभव भइरहेको थियो जस्तो रेलगाडीमा बस्दाखेरि अनुभव हुनेगर्थ्यो। रेल गाडी अगिल्तिर बढ्दैगइरहेको छ भन्ने भान पर्थ्यो, तर वास्तवमा चाहिं त्यो पछिल्तिर गइरहेको हुन्थ्यो र एकाएक वास्तविक दिशाको बोध हुनेगर्थ्यो।

उनले मनमनै विचार गरेः 'हो, मैले आफ्नो जिन्दगानी त्यसरी बिताइनँ जसरी बिताउनुपर्थ्यो। तर केही छैन। अझै पनि केही बितिसकेको छैन। म त्यस्तै गर्न सक्छु। परन्तु यो "त्यस्तै" आखिर हो के?' उनले आफैसँग प्रश्न सोधे र अचानक चूप लागिहाले।

यो सब तेस्रो दिनका अन्तिम घडीहरूमा, उनको मृत्युभन्दा एक घण्टाजति पहिले भएको थियो। ठीक त्यसै बेला उनको छोरो बिस्तारै उनको कोठामा पस्यो र आफ्नो बाबुको पलङको छेवैमा ठिङ्ग उभिन पुग्यो। मरणासन्न इभान इल्यीच अझै पनि चिच्याइरहेका थिए र जोडले हात हल्लाइरहेका थिए। एउटा हात छोरोको टाउकोमा पनि बज्रिन पुग्यो। छोरोले त्यसलाई समातिहाल्यो र आफ्ना ओंठमा पुऱ्याएर ऊ रून थाल्यो।

ठीक त्यसै बखत नै इभान इल्यीच त्यस धोक्रोको प्वाभित्र ह्वात्त खसेका थिए र उनले त्यो हलुका उज्यालो देखेका थिए। उनको जीवन त्यस किसिमबाट बितेको थिएन जसरी बित्नुपर्नेथियो, तर अझै पनि उनी यसमा सुधार ल्याउन सक्छन् भन्ने ज्ञान पनि त्यतिखेर नै उनले पाएका थिए। 'सच्चा जीवन के हो?'– उनले आफैसित सोधे र चूप लागेर उत्तर सुन्न लागे। त्यसै बखत कसैले आफ्नो हात चुमिरहेको उनले चाल पाए। उनले आँखा खोलेर आफ्नो छोरोतर्फ पुलुक्क हेरे। उनको मनमा उसप्रति दया जागेर आयो। प्रस्कोभ्या फ्योदोरोभ्ना पनि कोठामा पसिन्। उनले एक नजर आफ्नी पत्नीतर्फ पनि फ्याँके जो मुख बाएर पक्क पर्दै एकटक लगाएर पतिलाई हेरिरहेकी थिईन्। उनको नाक र गालामा आँसु बगिरहेको थियो जुन पुछिएको थिएन। उनको अनुहारमा निराशाको भाव झल्कन्थ्यो। इभान इल्यीचलाई आफ्नी पत्नीप्रति पनि अपार दया जाग्यो।

'हो, म यिनीहरूलाई सताउँदै छु।'– उनले सोचे– 'मेरो कारणले गर्दा यिनीहरूले दुःख भोग्नुपरिरहेको छ। म मरेर गएपछि यिनीहरूको बोझ हलुँगो हुनेछ।' यो कुरा उनी भन्न पनि चाहन्थे, तर बोल्ने त उनमा शक्ति नै बाँकी रहन गएको थिएन। 'हो, भनेर के पो फाइदा हुन्छ र! बरू गरेर देखाउनुपर्छ!'– उनले विचार गरे। उनले पत्नीतर्फ पुलुक्क हेरे र आँखाको सान गरेर छोरातर्फ देखाए।

"यसलाई लैजाऊ!...बिचरा!...अँ, तिमी पनि।..."–उनले भने। यसको साथै उनी भन्न चाहन्थेः "मलाई माफ गरिदेऊ!' परन्तु उनको मुखबाट निस्कियोः "मलाई बिर्सिदेऊ!" यो गल्ती सुधार्ने त उनमा अब तागत नै थिएन। जसले बुझ्नुपर्ने हो उसले बुझिहाल्नेछ भन्ठानेर उनले सिर्फ हात मात्रै हल्लाइदिए।

अनि एकाएक उनलाई सब कुरा छर्लङ्ग भइहाल्यो। जसले गर्दा उनलाई असह्य सासना पुगिरहेको थियो र जसबाट उनले छुटकारा पाइरहेका थिएनन् त्यो अब स्वयं नै हटिरहेको थियो– दुवैतर्फबाट हटिरहेको थियो, दशैंतर्फबाट हटेर गइरहेको थियो, सबैतर्फबाट हटेर गैरहेको थियो। साराप्रति उनको हृदयमा करूणा उत्पन्न भयो। उनीहरूको दुःख मेट्न केही त जरूरै पनि गुर्नपर्छ। यस यन्त्रणाबाट उनीहरूलाई र आफूलाई पनि मुक्त तुल्याउनैपर्छ भन्ने उनी सोच्न लागे।

'यो कति राम्रो कुरा हो र कति सरल पनि छ।'– उनले विचार गरे।

'अनि यो पीडा नि?' उनले स्वयं आफैसँग सोधे। 'कता गयो त्यो? ए, पीडा! खै, कहाँ छस् तँ?'

उनी ध्यानपूर्वक सुन्दै पीडाको खोजखबर लिनपट्टि लागे।

'ऊ, यहाँ रहेछ त्यो! के भो त? रहिरहोस् त्यो यहीं नै!'

'अनि मृत्यु नि? खै, मृत्यु कहाँ छ?'

उनी मृत्यको भय पनि खोज्न लागे जसको उनलाई बानी नै परिसकेको थियो। परन्तु उनले त्यसलाई पाउन सकेनन्। मृत्यु कहाँ गयो? मृत्यु भनेको के हो? मृत्युकै अस्तित्व थिएन भने मृत्युको कुनै भय पनि त नहुने नै भयो।

मृत्युको ठाउँमा ज्योति थियो।

"ए, यस्तो पो!"– एक्कासि उनले ठूलो स्वर निकालेर भने। –"कस्तो सुखद छ यो!"

यो सब कुरा एकै छिनभित्र हुन पुगेको थियो। परन्तु त्यस क्षणको महत्त्व क्षणभङ्गुर थिएन। वरिपरि उपस्थित रहेका मान्छेहरूको लागि उनको मृत्यु–यातना अरू दुई घण्टासम्म जारी रहेको थियो। सास बढेर उनी हिक्क हिक्क गर्न लागिसकेका थिए। उनको दुर्वल शरीर बारम्बार सिरिङ्ग सिरिङ्ग गर्दै चलमलाउँथ्यो। परन्तु बिस्तार-बिस्तार उनको स्वाँस्वाँ र हिक्क-हिक्क रोकिंदैगयो।

"इतिश्री!"– कसैले भन्यो।

उनले यो शब्द सुने र आफ्नो अन्तरात्मामा उनले त्यसलाई दोहोऱ्याए।

'मृत्युको इतिश्री भइहाल्यो!'–उनले मनमनै भने।

'अब मृत्यु बाँकी रहेन!'

उनले एउटा लामो सास ताने जुन बीचैमा चट्ट रोकियो।

अनि उनले आफ्नो आङ तन्काएर प्राण पनि त्याग गरे।

(रचनाकालः सन् १८८६)

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्भनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# देशको अन्यौल अवस्थाबाट निकास दिन चुनाव नै आवश्यक : त्रिपाठी

**गौरीशंकर जयसवाल**

*परासी*

जनता प्रगतिशिल पार्टीका केन्द्रीय अध्यक्ष एंव पूर्वमन्त्री हृदेश त्रिपाठीले देश अहिले अन्यौलमा भएकोले निकास दिन चुनाव हुनुपर्नेमा जोड दिएका छन् ।

शुक्रबार परासीमा मधेशको मानवशास्त्र नामक पुस्तक विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै त्रिपाठीले कुनै पनि दल चुनावबाट भागेर देशले निकास नपाउने हुँदा चुनावमा सबैदलले भग लिएर देशको अन्यौल हटाउन आजको आवश्यकता रहेको बताए ।

उनले एमाले काँग्रेसले गर्दा देशमा जेनजीहरुको आन्दोलनले विध्वंश मच्चाएको आरोप लागए । एमाले काँग्रेस मिलि संयुक्त शक्तिशाली र दुई तिहाईको सरकारले बनाउने बेलामा अब देशमा केही परिवर्तन हुने धेरै आम मानिसमा विश्वास बढाएको, तर उनीहरु दुई तिहाई सरकारको अहंकारले देशमा अहिले विषमपरिस्थिति आएको त्रिपाठीको भनाइ थियो ।




सबै मिली चुनावमा सहभागी हुन र यदि चुनाव देशमा भएन भने देश अन्धकारमा जाने, त्यस मानेमा पनि संसद पुनर्स्थापना मुद्दा छोडी चुनावमा होमिन सबै दलहरुलाई उनले आह्वान गरेका थिए ।

प्रतिनिधिसभा मतादेश भैसकेको र संसद पुनर्स्थापना भएपछि देश मुडभेडतिर जाने बताउँदै उनले देशमा तानाशाही व्यवस्था आउने बताए । अहिलेको परस्थितिलाई मधेशले नै निकास दिने र जब-जब देशमा तानाशाह बढेपछि तानाशाह प्रविधि अन्त्य गर्न मधेशीहरुले नै बलिदानी दिई तानाशाह अन्त्य गरेको उनले जनाए ।

कार्यक्रममा लोसपाका जिल्ला अध्यक्ष मुकुरजि गिरी जिल्ला समन्वय समितिका प्रमुख भगौतीप्रसाद यादव, नागरिक सामाजका अध्यक्ष बेचु गौड, मधेशको मानवशास्त्र नामक पुस्तका लेखक भोला बानियाँ, जनता प्रगतिशिल पार्टीका जिल्ला अध्यक्ष राधेरमण पाण्डेलागयतले आ-आफ्ना धारणा राखेका थिए ।

# अवैध मदिराले वैध व्यवसायीलाई अप्ठ्यारो




भैरहवा । अवैध मदिराका कारण वैध व्यवसायीहरु मर्कामा परेको व्यवसायीहरुले गुनासो गरेका छन् । मदिरा व्यवसायी संघ भैरहवा, रुपन्देहीको पाँचौं साधारणसभा तथा तेस्रो अधिवेशनमा बोल्दै व्यवसायीहरुले अवैध मदिरा नियन्त्रणका लागि सामूहिक प्रयास नगरे राज्यको राजस्व पनि गुम्ने र व्यवसायीहरु पलायन हुने अवस्था आउने बताए ।

घरेलु मदिरा, विभिन्न स्वरुपका राजस्व छलीका मदिराको बिगबिगीले वैध रुपमा राजस्व तिरेर व्यवसाय गर्दै आएका व्यवसायीहरुले प्रतिस्पर्धा गर्न सक्ने अवस्था नरहेको व्यवसायीहरुको भनाइ छ । घरेलु र अवैध काम गर्नेलाई कारबाहीको दायरामा ल्याउनका लागि प्रशासनिक निकायलाई सहयोग गरी अवैध कामलाई निस्तेज गर्नुपर्नेमा एकमत रहेको व्यवसायीहरुले बताए । अहिले व्यवसायी घट्ने अवस्थामा छन्, यो व्यवसायमा लगानी गर्ने उत्साह नभएकोले उद्योग व्यपार संगठनहरुले पनि समन्वयकारी भूमिका खेल्नुपर्ने उनीहरुले जनाए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख प्रेमराज पोखरेलले उद्योगी व्यवसायीको सहजीकरण गरिँदै आएको बताउँदै कारबाही र धरपकड गर्नुभन्दा छ्यापछ्याप्ती रहेको अवैध मदिरालाई न्यूनीकरण गर्नेतर्फ सबैलाई सहकार्यको लागि अनुरोध गरे ।

नेपालको ४५ वटा कार्यालयमध्ये भैरहवाले मात्रै लक्ष्य पार गरेको बताउँदै उनले यो योगदानमा ८२ प्रतिशत योगदान अन्तःशुल्कको रहेको बताए ।

अन्तःशुल्कमध्ये पनि मदिराकै ५० प्रतिशत योगदान रहेता पनि अझै पनि करको दायरामा ल्याउनु प्रतिबद्ध रहेको उनले जनाए ।

'कार्यालयले अबको तयारी संयुक्त अनुगमन गर्ने र अन द स्पट कारबाही गर्ने योजना बनाएको छ । यो वर्ष अन्तःशुल्कको रेट हरेक वर्ष बढ्थ्यो, अहिले नबढेको बताउँदै प्रशासनको पहुँच कम भएको क्षेत्रमा नक्कली स्टिकर लगाउने, एउटा स्टीकर दुईवटामा लगाउने, भारतबाट तस्करी भएर आउनेलगायतको समस्या रहेकोले विस्तारै यो न्यूनीकरणतर्फ जाने छ ।'-उनले भने ।

संघका अध्यक्ष बाबुराम पाण्डेयले व्यवसायीहरुको हकहितका लागि व्यवसाय सञ्चालन गर्दा आएका बाधा, अड्चन र समस्यालाई समाधान गर्न सम्बन्धित निकायमा पहल गर्दै आएको बताए । उनले मदिरा व्यवसायीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन बुलन्द रुपमा आवाज उठाउँदै आएको उल्लेख गरे ।

संघका संस्थापक अध्यक्ष केशव ज्ञवालीले २०७७ सालमा संघको स्थापना समय परिस्थिति र आवश्यकताअनुसार स्थापना गरेकोले यसक्षेत्रको व्यवसायीहरुको हकहीतमा प्रतिबद्ध भएर काम गरिरहेको बताए ।

संस्थाले एक वर्षको दौरानमा उत्कृष्ट २६ वटा कार्य गरेकोले यो संस्था नेपालकै राम्रो संस्थाको रुपमा परिचय बनाएको छ । संस्थाले सो अवसरका योगदान गर्ने विभिन्न व्यक्तिलाई सम्मान गरेको छ भने रोहिणी २ मा अवस्थित शैलेन्द्र मदिरा पसलमा चोरी भएपछि राहतकोषमार्फत् सहयोग हस्तान्तरण गरेको संघका महासचिव यादव पोखेलले जानकारी दिए ।

# कालिकामा विभिन्न प्रतियोगिता सम्पन्न

बुटवल । कालिका मानवज्ञान माविको ६५औं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको मन्दिरा गलामी सिंगिङ्ग आइडल २०८२ को उपाधि सम्पदा गौतमले जितेकी छिन् । विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको बिचमा भएको प्रतिस्पर्धामा द्वितीय स्थान विवेक खराल, तृतीय श्रीसा पहराई मगर भएकी छिन् ।

यस्तै शेरबहादुर गुरुङ जिल्लास्तरीय कविता प्रतियोगितामा न्यू होराइजनका विशेषज्ञ कार्कीले प्रथम स्थान प्रप्त गरेका छन् । द्वितीय स्थान एभरेष्ट माविका संगम रायमाझी भएका हुन् भने तृतीय स्थान कालिका मानवज्ञान माविका विवेश खराल भएका छन् । सान्त्वना स्थान इडन स्कुलकी निशा अर्याल भएकी छिन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवालीको अध्यक्षताम भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष तथा बुटवल कालिका क्याम्पस सञ्चालक समितिका अध्यक्ष होमबहादुर गलामीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा पूर्व प्रधानाध्यापक तथा बुटवल कालिका क्याम्पसका क्याम्पस प्रमुख घनश्याम पाठक, नारायण गुरुङ्ग अक्षयकोषका संरक्षक गिरीप्रसाद गलामीलगायतको आतिथ्यता रहेको थियो ।

कविता प्रतियोगिताको मुख्य निर्णायकमा उप-प्रध्यापक ऋषिराम भुषाल, डा. घनश्याम न्यौपाने रहेका थिए भने सिंगीङ्ग आइडलका निर्णायकमा भने तेजु अर्याल, दिपक श्रेष्ठ रहेको विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक विवेकराज पोखरेलले जानकारी दिए ।

# औद्योगिक प्रदर्शनीमा अवलोकनकर्ताको भीड

बुटवल । रुपन्देही उद्योग संघको आयोजनामा 'समृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशीलताको विस्तार' भन्ने मूल नाराका साथ बुटवलमा सुरु भएको १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि, प्रविधि तथा पर्यटन महोत्सव-२०८२ मा चिसोका बाबजुत अवलोककर्ताको भीड बढेको छ ।

बिहीबारदेखि सुरु भएको प्रदर्शनीको दोस्रो दिन शुक्रबार अवलोकनकर्ताको भीड बढेको गेट टिकट उप-समितिका संयोजक राजु घिमिरेले जानकारी दिए ।

बुटवल मण्डपमा निर्माणाधीन अन्तरराष्ट्रिय प्रदर्शनी केन्द्रमा सुरु भएको प्रदर्शनीमा विभिन्न प्रकृतिका स्वदेशी उत्पादनका ५ सय वटा स्टलहरु रहेका छन् । त्यसैगरी बनेका स्टलहरुलाई विभिन्न विधाका १० वटा पेभिलियनहरु निर्माण गरिएको छ । प्रदर्शनीमा ३९ जिल्लाबाट सहभागिता रहेको छ । शनिबार पहिलो बिदा हुने अवलोकनकर्ता बढ्ने भएकाले सोहीअनुसारको तयारी गरिएको छ । सहभागी अवलोकनकर्ताले स्वदेशी उत्पादन गरेका उद्योगमा विशेष चासोका साथ अध्ययन गरेको सदस्य सचिव सुमन बस्यालले जानकारी दिए ।

स्वदेशी उत्पादनको प्रदर्शन र बजारीकरण गर्ने मुख्य उद्देश्यका साथ सञ्चालन हुने १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि, प्रविधि तथा पर्यटन महोत्सव-२०८२ मा ८ लाख दर्शकले अवलोकन गर्ने र ३० करोडको आर्थिक कारोबार हुने लक्ष्य राखिएको प्रदर्शनी प्रबन्धक यादव भण्डारीले बताए । प्रदर्शनीलाई मनोरञ्जनात्मक बनाउन लोकदोहोरी प्रतियोगिता, नेपालका ख्याति प्राप्त आधुनिक गायक गायिका, हाँस्य कलाकार, ब्याण्डहरुको सांगीतिक कार्यक्रम, विद्यालयस्तरीय लोकनृत्य तथा वक्तृत्वकला प्रतियोगिता, प्रदर्शनी आइडल, भजन प्रतियोगितालगायतका प्रतियोगिताहरु सांस्कृतिक उप-समिति संयोजक लालप्रसाद बस्यालले जनाए ।

प्रदर्शनीमा प्रविधिबारे जानकारी दिने, उद्योगी र उपभोक्ताहरूको सोझो सम्पर्कको स्थापना गर्ने, उत्पादित वस्तुहरूको बजार प्रवर्द्धन र गुणात्मक प्रतिस्पर्धाको विकास गर्ने, उद्योगीहरूका बिचमा समस्या, अवसर र चुनौतीबारे अन्तरक्रिया गर्ने, सूचना र प्रविधिको विकास, विस्तार र आदानप्रदान गर्ने, पर्यटन क्षेत्रको विकास, सान्दर्भिक गोष्ठी, अन्तरक्रिया र कार्यशालाको आयोजना गर्ने, अवलोकनकर्ता र उपभोक्ताहरूको सुझावहरूको संकलन गरिने सचिव तथा परिचय पत्र उप-समिति संयोजक अशोक कुँवरले जानकारी दिए ।

प्रदर्शनीमा औद्योगिक प्रविधि, उद्योग प्रविधि, रेष्टुरेण्ट, कृषि, हस्तकला, फलोरीकल्चर, गार्मेन्ट, बेकरी तथा कन्फेक्सनरी, छालाजुत्ता, खाद्यान्न, आइटीलगायतका गरी ५ सय स्टल रहेको प्रचारप्रसार संयोजक किरण खरेलले बताए ।

# कांग्रेस लुम्बिनीले सिफारिस भएका नाम सर्वसम्मत केन्द्रमा पठाउने

बुटवल । नेपाली कांग्रेसका प्रतिनिधिसभा निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा प्रत्यक्ष र समानुपातिक तथा राष्ट्रिय सभाका लागि सिफारिस जिल्ला हुँदै प्रदेशमा पुगेका छन् ।

ती नामहरुको विषयमा छलफल गर्ने मुख्य एजेण्डासहित बसेको कांग्रेस लुम्बिनी प्रदेश कार्यसमितिको बैठकले क्षेत्रहरुबाट आएका नामहरु सर्वसम्मत रुपमा केन्द्रमा पठाउने निर्णय गरेको बताएका छन् । लुम्बिनी प्रदेश सभापति अमर सिंह पुनले जिल्ला तथा क्षेत्रबाट आएका नामहरूलाई सर्वसम्मत रूपमा केही कैफियतसहित केन्द्रमा पठाउने निर्णय भएको जानकारी दिए । उनका अनुसार बैठकले सबै जिल्लाबाट प्राप्त राय तथा सुझावलाई समेटेर केन्द्रीय नेतृत्वसमक्ष पठाउने निष्कर्ष निकालेको हो ।

'जिल्ला-क्षेत्रबाट आएका नामहरूलाई सर्वसम्मत रूपमा, आवश्यक कैफियतसहित माथि पठाउने निर्णय गरियो ।"- सभापति पुनले भने । बैठकमा नेपाली कांग्रेसको विधानसम्बन्धी विषयमा पनि छलफल भएको थियो। विधानअनुसार केन्द्रीय समितिमा सबै स्वतः प्रतिनिधि हुने व्यवस्था रहेकाले तहगत रूपमा प्रदेश, जिल्ला र क्षेत्रीय कार्यसमितिका पदाधिकारीलाई समेत स्वतः प्रतिनिधि बनाइनुपर्ने वा नत्र यस्तो व्यवस्था असमान देखिने भएकाले विधानबाटै खारेज गरिनुपर्ने निर्णय गरिएको उनले बताए । त्यसैगरी, आन्दोलनको भावना अनुरूप युवाहरूलाई पार्टी गतिविधिमा सक्रिय रूपमा सहभागी गराउने, क्रियाशील सदस्यताको व्यवस्थापनलाई व्यवस्थित बनाउने तथा २६ वटै निर्वाचन क्षेत्रमा सदस्यता वितरणमा देखिने असमानता वा कब्जा गर्ने प्रवृत्ति रोक्न अनुगमनका लागि प्रतिनिधि खटाउने निर्णय पनि बैठकले गरेको छ । सभापति पुनका अनुसार यी निर्णयहरूले पार्टी संगठनलाई थप सुदृढ र समावेशी बनाउने अपेक्षा गरिएको छ ।

# श्रम संस्कृति पार्टीको बुटवल आमसभामा आज हर्क आउँदै




बुटवल । श्रम संस्कृति पार्टीका संयोजक हर्क साम्पाङ राई शनिबार बुटवलमा आउने भएका छन् ।

धरान उप-महानगरपालिका मेयर समेत रहेका राई पार्टीले बुटवलको ट्राफिक चोकमा आयोजना गर्ने आमसभालाई सम्बोधन गर्न आज बुटवल आउने भएका हुन् । कार्यक्रमको सम्पूर्ण तयारी पुरा भएको श्रम संस्कृति पार्टी रुपन्देहीका अध्यक्ष छविलाल गुरुङले बताए ।

आमसभाको लागि पार्टीले १ महिनादेखि नै तयारी गरेको अध्यक्ष गुरुङले जनाए । आमसभा हुनुभन्दा पहिला राजमार्ग चौराहाबाट विहान १० बजे ऱ्याली निकाल्ने कार्यक्रम तय भएको गुरुङले बताए । आमसभामा १० हजार भन्दा धेरै सहभागी हुने अपेक्षा रहेको समेत उनले बताए ।

यस्तै पार्टीका केन्द्रीय उपाध्यक्ष डा. मित्र परियारले पार्टी अहिले संगठन निर्माणसँगै चुनावी प्रचारप्रसार लागि रहेको बताए । पार्टीले काठमाडौं लगायतका विभिन्न स्थानमा आयोजना गरेका आमसभाबाट पुराना पार्टी डराएको समेत दाबी गरे ।

उनले हर्क साम्पाङको नीतिबाट मात्रै नेपालको विकास हुने भएकाले सबैलाई पार्टीमा आबद्ध हुन आग्रह समेत गरे ।

नेकपा एमालेको एमालेमा निर्वाचित भएपछि केपी शर्मा ओलीले दिएको अभिव्यक्तिप्रति लक्षित गर्दै उनले ओलीले अझै पनि आफूलाई श्रीपेच विनाका राजा सोंचेको बताए । अहिले गृहमन्त्रीको रुपमा हर्क साम्पाङ भएको भए केपी शर्मा ओली जेलमा हुने बताए ।

यस्तै केन्द्रीय सदस्य शान्ति गुरुङ, मन्दिरा मोक्तान, पार्टीका लुम्बिनी प्रदेश संयोजक तुलबहादुर दलार्मी, रुपन्देही जिल्ला सह-संयोजक केशव न्यौपाने, जिल्ला सचिव सुगम राईलगायतले हर्क साम्पाङको विचार प्रत्यक्ष रुपमा सुन्नका लागि भए पनि आमसभामा आउन सबैलाई आग्रह गरे ।

**विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं ।**

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चार माध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चार माध्यम र विज्ञापन एजेन्सीसँग मात्रे विज्ञापनको कारोबार गरौं ।
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चार माध्यमबीच द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- सञ्चार माध्यमबाट जारी बीजकुको आधारमा एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं ।
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।

विज्ञापन व्यवसायलाई मर्यादित तथा पारदर्शी बनाऔं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

**आइडिया**

**डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com